annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २५, अंक ३९, पृष्ठ ८ | काठमाडौं, सोमबार २५ जेठ २०८३ | ज्येष्ठ कृष्णपक्ष नवमी, नेपाल संवत् ११४६ | MONDAY, JUNE 8, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार



# तराईमा विषालु सर्पको बिगबिगी, बाघेसर्पको खतरा धेरै

**गृह मन्त्रालयका अनुसार वैशाखयता मात्रै मुलुकमा १ सय ७५ वटा सर्पदंशका घटना भए। जसमा ९ जनाको ज्यान गइसकेको छ। गर्मीसँगै बर्खा लागेकाले तराईमा मात्र होइन, पहाडमा समेत विषालु सर्पको बिगबिगी बढेको छ। तराई क्षेत्रमा गरिएको एउटा सर्वेक्षणले त देशभर वर्षमा २६ हजारदेखि ३८ हजार मानिसलाई सर्पले टोक्ने र २ हजार ३ सय ८६ देखि ३ हजार २ सय २५ जनासम्मको मृत्यु हुन सक्ने अनुमान गरेको छ। त्यसैले सर्पदंशबाट जोगिने र औषधि–उपचारको उचित प्रबन्ध गर्नेतिर सरकारको ध्यान जानुपर्ने जरुरी छ।**

जे पाण्डे | *नेपालगन्ज*

समाचार पृष्ठ २

सर्पबाट नेपालमा वार्षिक मृत्यु
**१०००-३२२५**

वर्षमा सर्पबाट टोकिने मान्छे
**२६०००-२८०००**

सर्पको बढी जोखिम
**जेठदेखि भदौ**

मृत्युदर
**महिलाभन्दा पुरुष बढी**

**सरकारले लिनुपर्ने रणनीति**

- समुदायलाई सचेत बनाउने
- सुरक्षित र प्रभावकारी एन्टिभेनम उपलब्ध गराउने
- स्वास्थ्य प्रणाली बलियो बनाउने
- अनुसन्धान र समन्वय बढाउने

**कसरी जोगिने ?**

- स्थानीय स्तरमा एन्टिभेनम भण्डारण
- एम्बुलेन्स र रेफरल प्रणाली सुधार
- किसान र विद्यालयस्तरमा सर्पदंश शिक्षा
- सर्पदंशलाई अनिवार्य रिपोर्टिङ रोग बनाउने
- विषालु सर्पहरूको राष्ट्रिय निगरानी प्रणाली बनाउने

# सीमा विवादमा अडान यथावत्

## डिजिटल साझेदारीमा नयाँ फड्को

राधा खनाल | *काठमाडौं*



परराष्ट्रमन्त्री शिशिर खनालको तीनदिने भारत भ्रमणले नेपाल-भारत सम्बन्धलाई नयाँ राजनीतिक तथा आर्थिक दिशातर्फ उन्मुख गराउने संकेत दिएको छ। एकातिर नेपालले लिपुलेक, कालापानी र लिम्पियाधुराजस्ता संवेदनशील सीमा विवादमा आफ्नो स्पष्ट राष्ट्रिय अडान दोहोर्‍याएको छ भने अर्कोतर्फ कृत्रिम बुद्धिमत्ता एआई, डिजिटल प्रणाली, ऊर्जा, व्यापार र लगानीका क्षेत्रमा सहकार्य विस्तार गरेर सम्बन्धलाई भविष्यतर्फ केन्द्रित गर्ने प्रयास गरेको छ।

शनिबार नयाँ दिल्लीमा भारतीय विदेशमन्त्री एस. जयशंकरसँग भएको औपचारिक भेटवार्तामा दुवै पक्षले द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउने, आर्थिक साझेदारी विस्तार गर्ने तथा नयाँ प्रविधिमा आधारित सहकार्य अघि बढाउने विषयमा छलफल गरेका थिए। भेटपछि जयशंकरले सामाजिक सञ्जाल एक्समार्फत नेपाल-भारत सम्बन्धलाई 'विशेष र अद्वितीय सम्बन्ध' भन्दै अहिले दुई देशसँगको सम्बन्धलाई निर्णायक रूपमा सकारात्मक दिशामा अघि बढाउने अवसर रहेको बताएका छन्।

नेपालले तय गरेका विकासका प्राथमिकता र भारतले छिमेकी मुलुकहरूसँग अघि बढाइरहेको सहकार्यबीच आपसी विश्वासलाई अझ मजबुत बनाउँदै ऊर्जा, कनेक्टिभिटी, डिजिटल प्रविधि र सूचना प्रविधिका क्षेत्रमा सहकार्य विस्तार गर्नुपर्नेमा उनले जोड दिएका छन्।

परराष्ट्रमन्त्री खनालले पनि भारतलाई नेपालको सबैभन्दा महत्वपूर्ण साझेदारका रूपमा व्याख्या गर्दै सम्बन्धलाई विगतका अविश्वास र विवादको घेराबाट बाहिर निकालेर आर्थिक समृद्धि र साझा विकासको आधारमा अघि बढाउनुपर्ने बताएका छन्। उनका अनुसार नेपाल-भारत सम्बन्धलाई केवल कूटनीतिक वा राजनीतिक सम्बन्धका रूपमा मात्र नभई साझा इतिहास, संस्कृति, सभ्यता र जनस्तरको सम्बन्धले जोडिएको बहुआयामिक साझेदारीका रूपमा हेर्नुपर्ने उल्लेख गरेका छन्।

भ्रमणको एक महत्वपूर्ण उपलब्धिका रूपमा नेपाल र भारतबीच भाषिक कृत्रिम बुद्धिमत्ता तथा डिजिटल प्रणालीसम्बन्धी सहकार्यलाई लिइएको छ। दुवै देशबीच भएको समझदारीले नेपाली भाषामा आधारित डिजिटल सेवा, सरकारी सूचना प्रणाली, डिजिटल शासन र प्रविधि हस्तान्तरणका क्षेत्रमा नयाँ अवसर सिर्जना गर्ने अपेक्षा गरिएको छ। आगामी दिनमा डिजिटल भुक्तानी प्रणाली, डेटा व्यवस्थापन, सूचना प्रविधि तथा नवप्रवर्तनमा समेत सहकार्य विस्तार गर्ने समझदारी भएको छ।

तर, भ्रमणको सबैभन्दा चर्चित पक्ष भने परराष्ट्रमन्त्री खनालले सीमा विवादसम्बन्धी नेपालको स्पष्ट र दृढ अभिव्यक्ति रहेको बताएका छन्। नयाँ दिल्लीमा भ्रमणको अन्तिम दिन भारतीय सञ्चारमाध्यमहरूसँगको अन्तर्क्रियामा परराष्ट्रमन्त्री खनालले नेपालसँग परामर्श नगरी भारत र चीनबीच लिपुलेकसँग सम्बन्धित कुनै पनि सहमति वा समझदारी हुन नसक्ने स्पष्ट पारे।


नेपालको भूभागसँग सम्बन्धित विषयमा नेपाललाई बेवास्ता गरेर गरिने कुनै पनि निर्णय स्वीकार्य नहुने उनको भनाइ थियो। उनले लिपुलेक, कालापानी र लिम्पियाधुरा नेपालको ऐतिहासिक भूभाग हो भन्ने नेपालको स्थापित अडान पुनः दोहोर्‍याए।

खनालले सीमा विवादलाई भावनात्मक वा राजनीतिक नाराका आधारमा होइन, ऐतिहासिक तथ्य, प्रमाण र कूटनीतिक संवादका आधारमा समाधान गर्नुपर्ने धारणा राखेका थिए। उनका अनुसार सीमा समस्याको समाधान द्विपक्षीय वार्ताबाटै सम्भव छ र नेपाल त्यसका लागि प्रतिबद्ध छ।

भ्रमणका क्रममा अर्को महत्वपूर्ण विषय बेलायतको मध्यस्थतासम्बन्धी बहस रह्यो। केही भारतीय सञ्चारमाध्यममा नेपालले सीमा विवाद समाधानका लागि बेलायतको मध्यस्थता खोजेको भन्ने चर्चा चलेपछि मन्त्री खनालले त्यसलाई स्पष्ट रूपमा अस्वीकार गरे।

उनले नेपालले कुनै पनि तेस्रो पक्षको मध्यस्थता नमागेको भन्दै सुगौली सन्धि तथा त्यसपछिका ऐतिहासिक नक्सा र अभिलेखहरूलगायतका संग्रहालय वा अभिलेखालयमा उपलब्ध हुनसक्ने भएकाले ती दस्तावेजहरूमा पहुँचको विषय मात्र उठाइएको स्पष्ट पारे। सीमा विवाद नेपाल र भारतबीचको द्विपक्षीय विषय भएकाले त्यसको समाधान पनि दुई देशबीचको प्रत्यक्ष संवादबाटै खोजिने नेपालको स्थायी नीति रहेको उनले बताए।

» बाँकी पृष्ठ ६




# कांग्रेस नेता ठेकेदार, प्यूठान-गुल्मीखण्ड अलपत्र

## मदन भण्डारी राजमार्ग

केशरराज क्षेत्री | *बुटवल*

मदन भण्डारी राजमार्गको प्यूठान-गुल्मीखण्ड वर्षौंदेखि अलपत्र परेको छ। निर्माण थालेको ४ वर्ष हुनलाग्दा पनि कामले गति नलिएपछि गुल्मीको सिमलटारीदेखि प्यूठानको मच्छीसम्म जोड्ने ३१ दशमलव ८ किलोमिटर सडक अलपत्र परेको हो।

निर्माण सुरु हुँदा राष्ट्रिय राजमार्गले जोड्ने भएपछि हर्षित भएका दुवै जिल्लाका नागरिकहरू अहिले अलपत्र सडकको दुर्दशा देखेर निराश छन्। २०७९ कात्तिक ६ गतेदेखि निर्माण सुरु गरेर तीन वर्षभित्र योजना पूरा गर्ने सम्झौता भएको थियो।

श्रेष्ठ सक्षम जेभी निर्माण कम्पनीसँग मदन भण्डारी राजमार्ग योजना कार्यालय तम्घास गुल्मीले सम्झौता गरेको थियो। तीन वर्षभित्र योजना पूरा गर्ने गरी २०८२ साउन ५ गतेसम्म अन्तिम म्याद तोकिएको थियो। तर, तोकिएको समयमा योजना पूरा नभएपछि पहिलोपटक म्याद थप गरिएको छ।



थपिएको म्यादको समय सीमा पनि २०८३ पुस १ गतेसम्म मात्रै छ। दोस्रो पटकको म्याद थप्ने समय हुन लाग्दासमेत योजनाको भौतिक प्रगति ३० प्रतिशत र वित्तीय प्रगति २६ प्रतिशत मात्र छ। गुल्मीको सिमलटारीदेखि प्यूठान सिमाना सौतामारेसम्म १६ दशमलव ३ र प्यूठान खण्डभरि १५ दशमलव ५ गरी कुल ३१ दशमलव ८ किलोमिटर सडक यो योजनाअन्तर्गत पर्छ। निर्माण कम्पनीले सुरुमा भुक्तानी नपाएको र काम गर्ने स्थलमा स्थानीयवासीलगायत सरोकारवाला निकायहरूको साथ नपाउँदा काममा ढिलाइ भएको प्रतिक्रिया छ।

'निर्माणको पहिलो दुई वर्ष बजेट नै नभएर काम रोकियो। त्यसपछि साइट जंगल क्षेत्र र घरहरू पर्ने क्षेत्रमा काम गर्न अवरोध भयो', निर्माण व्यवसायी डम्बर खड्काले भने, 'सबैको तर्फबाट साथ र सहयोग हुने हो भने हामीलाई काम गर्न कुनै गाह्रो छैन।' तर, दुवै जिल्लाका स्थानीयवासीले ठेकेदारबाटै काममा ढिलाइ हुँदा कामले गति लिन नसकेको आरोप लगाएका छन्।

'निर्माण व्यवसायी नेतागिरी गरेर हिँड्ने अनि कसरी काम हुन्छ', झिमरुक प्यूठानका एक स्थानीयले भने, 'ठेकेदारलाई जसरी पनि हाजिर गराएर कार्यालयले काममा लगाउनुपर्छ।'

तर, निर्माण व्यवसायी खड्काले विगतमा आफूले राजनीति गरे पनि बितेको ६ महिनादेखि पूर्णरूपमा सक्रिय राजनीति छाडेर काममा फर्केको प्रतिक्रिया दिएका छन्। 'विगतमा राजनीति गरियो होला तर अहिले राजनीतिमा छैन, स्वतन्त्र भएर काम गरिरहेको छु', उनले भने, 'मैले यो योजनामा मज्जाले काम गर्न चाहान्छु, तर हामीलाई सबैतिरबाट साथ चाहिन्छ।'

» बाँकी पृष्ठ ६